नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

ताहाचल, काठमाडौँ

## केन्द्रद्वारा लिइने करार सेवा अन्तर्गत लिखित परीक्षाको परीक्षा कार्यक्रम निर्धारण गरिएको सूचना

(प्रकाशन मिति : २०८३/०५/०९)

केन्द्रले मिति २०८३/०४/२९ गते प्रकाशित विज्ञापन अनुसार स्वीकृत आवेदनको लिखित परीक्षाको कार्यक्रम देहाय बमोजिम निर्धारण गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | लिखित परीक्षा मिति र समय | परीक्षा केन्द्र | रोल नं. | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| १ | १/२०८३/८४ | इन्जिनियर | २०८३ भदौ १५ गते दिनको ४:०० बजे | श्री जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौँ | १ | १११३ |
| २ | २/२०८३/८४ | प्रशासकीय अधिकृत | २०८३ भदौ १६ गते दिनको ४:०० बजे | | १ | १९३ |
| ३ | ३/२०८३/८४ | प्राविधिक सहायक | २०८३ भदौ १७ गते दिनको ४:०० बजे | | १ | ५१ |
| ४ | ४/२०८३/८४ | कम्प्युटर अपरेटर | २०८३ भदौ १८ गते दिनको ४:०० बजे | | १ | ९६ |

**उल्लिखित पदहरूमा दर्ता भएका आवेदनहरूको सूचनामा उल्लिखित न्यूनतम शैक्षिक योग्यता, कार्य अनुभव र तालिमको आधारमा दरखास्त स्वीकृत गरी स्वीकृत नामावली केन्द्रको website: www.aepc.gov.np मा राखिएको छ ।**

**द्रष्टव्य :**

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।

२. प्रवेश पत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

३. परीक्षा हलमा **झोला, मोबाइल फोन स्मार्ट वाच तथा अन्य इलेक्ट्रोनिक्स डिभाइसहरू लैजान निषेध** गरिएको छ ।

४. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित बिदा पर्न गएमा पनि **केन्द्रको पूर्वसूचना बिना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।

५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अङ्ग्रेजी ठूलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।

६. परीक्षामा केन्द्रबाट जारी भएको प्रवेश पत्रसँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै **परिचय पत्र अनिवार्य** रूपमा लिई आउनुपर्नेछ ।

७. आवेदकहरूले आफ्नो सिट प्लान (Sheet Plan) परीक्षा केन्द्रको क्यु.आर (QR) कोड स्क्यान गरी यकिन गर्नुपर्नेछ । साथै सो सम्बन्धी जानकारी परीक्षा हुनुभन्दा एक दिन अगाडि परीक्षा केन्द्र रहेको जनमैत्री बहुमुखी क्याम्पसको website: www.janamaitri.edu.np बाट प्राप्त गर्न सकिनेछ ।